मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २९ ◆ अङ्क : १३३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८० चैत १७ गते शनिवार (Saturday, 30 March. 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## ब्राउन सुगरसहित चार जना पक्राउ

**झापा, चैत १६।** झापाका विभिन्न स्थानबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थसहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय सुरुङ्गाबाट खटिएको प्रहरीले कन्काई नगरपालिका-४ बस्ने २३ वर्षीय सलिम आलम समेत २ जनालाई कन्काई नगरपालिका-३ बाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ९ सय ७० मिलिग्रामसहित बिहीबार दिउँसो पक्राउ गरेको हो। यसैगरी सोही कार्यालयबाट खटिएको

(बाँकी अन्तिम पृष्ठमा)

# स्नातक गरेका छोरीबुहारीलाई सय दिनको रोजगारी

**इलाम, चैत १६।** सूर्योदय नगरपालिका-१ बाङ्गीनकी स्वस्तिका शाहलाई निःशुल्क छात्रवृत्तिमा स्नातक पढाएको नगरपालिकाले रोजगारी पनि दिन्छ भन्ने लागेको थिएन।

कक्षा १२ पास भएपछि कसरी ब्याचलर पढ्ने भन्ने चिन्ता थियो। नगरपालिकाले पढायो- शाहले भनिन्- जागिरको खोजीमा थिएँ, पालिकाले नै शिक्षकको जागिर दिएको छ। आजदेखि पढाउन थालेँ। महेन्द्रोदय विद्यालयमा अध्यापन शुरु गरेको उनले सुनाइन्।

शाह मात्र होइन नगरपालिकाको शतप्रतिशत छात्रवृत्तिमा स्नातक उत्तीर्ण गरेकाले बिहीबारदेखि रोजगारी पाएका छन्। 'नगरको इच्छा, छोरीबुहारीलाई शिक्षा' नाराका साथ कर्फोक क्याम्पसमा निःशुल्क स्नातक पढाइ शुरु भएको पाँच वर्ष भयो। हालसम्म एक सय ५३ छोरीबुहारीले स्नातक तहको अध्ययन गरिसकेका छन् भने तीमध्ये २३ जनाले उत्तीर्ण गरेका छन्- नगरप्रमुख रणबहादुर राईले भने -उत्तीर्ण भएकालाई नगरपालिकामा रोजगारी दिन निवेदन माग गरेकोमध्ये १५ जनाको आवेदन प्राप्त भयो। उनीहरुलाई एक सय दिनको रोजगारीका लागि यहाँका विभिन्न विद्यालय र अन्य कार्यालयमा खटाइएको छ। विद्यार्थीले पढेको विषय र उनीहरूको योग्यताअनुसार नगरपालिकाले रोजगारी दिएको हो। दुई जनालाई वडा कार्यालय, एक जनालाई नगरको शिक्षा, युवा तथा खेलकुद शाखा, एक जनालाई प्रसूति तथा बाल क्लिनिक र बाँकी सबैलाई विभिन्न विद्यालयमा खटाइएको छ। उनीहरूले खटाइएका ठाउँमा सय दिन काम गर्नेछन्। नगरप्रमुख राईले छात्रवृत्तिमा




स्नातक उत्तीर्ण महिलालाई प्रोत्साहन गर्न छोटो समयका लागि भए पनि रोजगारी दिइएको बताए। बुहारीलाई पनि पढाउनुपर्छ भन्ने सोच विकास गर्न नगरपालिकाले यो कार्यक्रम ल्याएको हो- प्रमुख राईले भने -छात्रवृत्तिमा अध्ययन गरेका छोरीबुहारीलाई थप प्रोत्साहन गर्न र उनीहरूका माध्यमबाट अरू छोरीबुहारीलाई पनि पढाइमा हौसला थप्न रोजगारीको कार्यक्रम ल्याइएको छ। राईले रोजगारीको अवसर छोटो समयका लागि भए पनि उनीहरूलाई थप सिकाइ र क्षमता प्रस्फुटनमा सहयोग गर्न सहयोगी बन्ने बताए। स्नातक गरेका छोरीबुहारीलाई रोजगारीका कार्यक्रमले थप मद्दत पुग्नेछ- उनले भने-उनीहरूको दक्षता र क्षमताबाट नगरपालिकाले पनि सहयोग पाउने छ।

नगरपालिकामा बसोवास गर्ने परिवारका छोरी र यहाँ विवाह भएर आएका बुहारीलाई नगरपालिकाले छात्रवृत्तिमा स्नातक अध्ययन गराइरहेको नगरप्रमुख राईले बताए। कानूनीरुपमा उमेर पुगे पनि २०-२२ वर्षका छोरीहरु विवाह होइन पढाइप्रति नै ध्यान

(बाँकी अन्तिम पृष्ठमा)

## क्यानडा पठाउने भन्दै दिल्ली पुर्‍याएपछि....



**झापा, चैत १६।** मधेस प्रदेशका युवाहरूलाई लक्षित गरेर वैदेशिक रोजगारीमा पठाउने भन्दै ठगी गर्ने गिरोहलाई प्रहरीले पक्राउ गरेको छ। उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले गिरोहलाई पक्राउ गरेको हो।

प्रहरीका अनुसार गिरोहले मधेसका विभिन्न जिल्लाका २२ जना युवाहरूलाई क्यानडा, स्पेन, पोल्यान्ड, माल्टा लगायतका देशमा पठाउने प्रलोभन देखाएर दिल्ली पुर्‍याएको थियो। तर, दिल्लीमा युवाहरूलाई एक महिनासम्म बन्धक बनाएको प्रहरीले जनाएको छ।

गिरोहलाई कार्यालयका डीएसपी गोविन्द पन्थी नेतृत्वको अनुसन्धान टोलीले पक्राउ गरेको हो। पक्राउ पर्नेमा सर्लाहीको हरिवनका रूपेश ठाकुर, सर्लाहीकै कृष्णबहादुर राई, पर्वराज पाण्डे छन्। राईको टप च्वाइस एजुकेसन कन्सलटेन्सीमार्फत विदेश पठाउने भन्दै युवारहरूबाट करोडौँ रुपैयाँ असुल गरिएको थियो। गिरोहले प्रतिव्यक्ति पाँच लाखदेखि १८ लाख रुपैंयासम्म ठगी गरेको पाइएको प्रहरी अनुसन्धानले देखाएको छ।

ठाकुर र राईलाई करिब ६ महिना लामो प्रयासपछि पक्राउ गर्नसफल भएको कार्यालयका एसपी नकुल पोखरेल बताउँछन्। उनीहरू पक्राउ परेलगत्तै पीडितहरू प्रहरी कार्यालयमै पुगेका छन्। पक्राउ परेकामाथि प्रहरीले थप अनुस न्धान अघि बढाएको छ।

वैदेशिक रोजगारीमा पठाउने नाममा ठगी गरेको आरोपमा डीएस पी पन्थी नेतृत्वको टोली आठ महिनाको अवधिमा २८० जनालाई पक्रन सफल भएको छ।

## दक्ष जनशक्ति अभावले सङ्कटमा बेकरी उद्योग



**झापा, चैत १६।** भारतबाट हुने अवैध आयात र दक्षजनशक्तिको अभावले झापाका बेकरी उद्योग सङ्कटमा पर्दै गएका छन्। लुपिछिपी झापाको सीमावर्ती क्षेत्रबाट पाउरोटी, बिस्कुट, केकलगायत बेकरीजन्य खाद्यवस्तु भित्रिँदा यहाँका उद्योग सङ्कटमा पर्दै गएका जिल्लास्थित बेकरी उद्योग व्यवसायी सङ्घका अध्यक्ष नरबहादुर गिरीले बताए।

भारतबाट आयत हुने बेकरी सस्तो हुन्छ, स्वदेशी उत्पादनको गुणस्तर राम्रो भए पनि मूल्यमा प्रतिस्पर्धा गर्न सकिँदैन- उनले भने -जसले गर्दा उद्योग सञ्चालन गर्न गाह्रो भइरहेको छ।

झापा उद्योग सङ्घका अध्यक्ष यमबहादुर श्रेष्ठले कच्चापदार्थ आयातमा बढी भन्सार लगाइँदा स्वदेशी उद्योग सङ्कटमा पर्दै गएका बताए। गहुँ आयात गर्दा ४० प्रतिशत कर लाग्छ, तयारी बिस्कुट आयातमा २५ प्रतिशत कर लाग्छ- उनले भने -सरकारको नीति निर्यातमुखीभन्दा पनि आयातमुखी जस्तो देखिएको छ। सरकारले स्वदेशी उद्योग टिक्नसक्ने र स्वदेशी उत्पादन बिक्नसक्ने वातावरण बनाउनुपर्नेमा उनले जोड दिए।

जिल्लास्थित नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष ओमकृष्ण विमलीले राज्य सञ्चालनका लागि ठूलो योगदान गरिसकेको उद्योग-व्यवसायको क्षेत्रलाई विशेष प्राथमिकता दिएर सरकारले नीति बनाउनुपर्नेमा जोड दिए। विदेशी होइन, स्वदेशी कच्चा पदार्थको प्रयोग गरेर उत्पादन गर्न सकिने उद्योग खोल्नुपर्छ- उनले भने -सरकारले पनि यसमा सहयोग गर्न आवश्यक छ।

घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख प्रेमप्रकाश सापकोटाले पछिल्लो समय बजार अनुगमन गरेर भारतीय

(बाँकी अन्तिम पृष्ठमा)

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

**झापा, चैत १६।** १७ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा बिर्तामोड नगरपालिका-५ डेरा गरी बस्ने इलाम माई नगरपालिका-६ घर भएका ४० वर्षीय गोपाल भन्ने मेघराज लिम्बू पक्राउ परेका छन्। उनलाई इलाका प्रहरी कार्यालय अनारमनीले पक्राउ गरेको हो।

पक्राउ परेका लिम्बूले कोहिनुर होटलमा लगेर ती किशोरीलाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

उता ४५ वर्षीया महिलालाई



जबरजस्ती करणी गरेको अभियोगमा म्याङलुङ नगरपालिका-१० सुसलिङ बस्ने २३ वर्षीय नरेश लिम्बूलाई प्रहरीले पक्राउ गरेको छ।

लिम्बूले ती महिलालाई सोही ठाउँस्थित बारीमा जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय तेह्रथुमबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

### पत्रकार महासंघको स्थापना दिवस

## झापा शाखामा झण्डोतोलन

**बिर्तामोड, चैत १६।** नेपाल पत्रकार महासंघको ६९औं स्थापना दिवसको अवसरमा महासंघ झापा शाखाले झण्डोत्तोलन कार्यक्रम सम्पन्न गरेको छ।

शुक्रबार महासंघ झापाको बिर्तामोडस्थित कार्यालय भवनमा राष्ट्रिय झण्डा र महासंघको झण्डा झण्डोत्तोलन गरिएको हो। महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको कार्यक्रममा वरिष्ठ पत्रकार, लेखक तथा राजनीतिक विश्लेषक चन्द्र किशोर र महासंघ झापाका पूर्व अध्यक्ष केशव आचार्यले झण्डोत्तोलन गरेका थिए।

झण्डोत्तोलनपछि संक्षिप्त समारोहमा बोल्दै चन्द्र किशोरले नेपाली




पत्रकारिता अप्ठ्यारो परिस्थितिमा गुज्रिरहेको भन्दै जुनसुकै परिस्थितिमा पनि पत्रकारले भुइँमान्छेको पक्षमा आवाज उठाइरहनु पर्ने बताए। चन्द्र किशोरले पछिल्लो समय पत्रकारहरु स्थानीय सत्ताप्रति मौन रहँदा धेरै विकृति मौलाएकोतर्फ संकेत गर्दै स्थानीय सत्ताका कमजोरीप्रति तेजिलो प्रश्न गरेर खबरदारी गरिरहनु पर्नेमा जोड दिए।

पूर्व अध्यक्ष आचार्यले पत्रकारलाई संगठित गरी गर्विलो इतिहास कायम गरेको नेपाल पत्रकार महासंघको स्थापना दिवसको सन्दर्भमा शुभकामना व्यक्त गरे। कार्यक्रमको सञ्चालन सचिव डिकेश लामाले गरेका थिए। स्थापना दिवसकै सन्दर्भमा महासंघ झापा शाखाले अध्यक्ष गिरीको अध्यक्षतामा बैठक बसी विभिन्न निर्णय गरेको छ।

## माईमा डुबेर मृत्यु

**इलाम, चैत १६।** कनकाई माईमा पौडी खेल्ने क्रममा डुबेर एक युवाको मृत्यु भएको छ। मृत्यु हुनेमा शिवसताक्षी नगरपालिका -७ लालपानी निवासी २१ वर्षीय मुकेश ढकाल रहेका छन्।

इलामको माईनगरपालिका २ चेप्टीस्थित कनकाई माई खोलामा शुक्रबार दिउँसो पौडी खेल्ने क्रममा उनको डुबेर



मृत्यु भएको हो। उनी साथीहरुसँग पौडी खेल्न खोलामा पसेका थिए।

**फ्ल्याट भाडामा**

**बिर्तामोड बाल्मीकि स्कूल नजिकै फ्ल्याट भाडामा छ।**

**सम्पर्क :- ९८४४६८५६०५, ९८२३७२६९७९**

## महागुरु शालिक तोडफोड कार्यको विरोध

**दमक, चैत १६।** किरात धर्म तथा साहित्य उत्थान संघ र किरात चोत्लुङ मुहिङगुम अङसीमाङगेन्ना गुरु केन्द्रीय समितिले पाँचथरको सिलौटीमा अवस्थित महागुरु फाल्गुनन्द लिङदेनको समाधिस्थलसँगै शालिक राख्ने कार्यमा भइरहेको अर्नगल प्रचारवाजीप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

दुवै संस्थाले शुक्रवार दमकमा पत्रकार सम्मेलन गरी सिलौटीमा रहेको राष्ट्रिय विभूति महागुरुको समाधिस्थल तोडफोड नगरि आफ्नै जमीनमा शालिक राख्ने कार्यले त्यहाँको धार्मिक पर्यटन, प्रवर्द्धनमा समेत थप टेवा पुग्ने स्पष्ट पारेको छ।

किरात धर्म सत्यहाङमा सेवा संघ केन्द्रीय कार्यालय इलामले गत चैत १० गते दमकमा पत्रकार सम्मेलन




गरी किरात धर्म सम्बन्धी गलत प्रचार गरेकोमा आपत्ति जनाउँदै दुवै संस्थाले त्यस्तो धारणा सारेका हुन्। यसअघि विहीबार मात्र दुवै संस्थाले इलाममा पत्रकार सम्मेलन गरि संस्थागत धारणा सार्वजनिक गरेका थिए।

किरात चोत्लुङ मुहिङगुम अङसी माङगेन्ना सेवा समितिका अध्यक्ष केहेरसिंह योङहाङले महागुरुसँग सम्बन्धित विषयलाई सत्य तथ्य तोडमोड गरि किरात धर्मावलम्बीहरुलाई भ्रमित बनाउने कार्य ठीक नभएको बताए। महागुरुको महान उद्देश्य विश्वशान्ति तथा मानव एकता कायम गर्नु नै भएको भन्दै उनले त्यसै कार्य अन्तर्गत हालसम्म देशैभरि १०२ वटा माङहिम, ३३ वटा महागुरुको शालिक स्थापना भइसकेको उनले बताए। सिलौटीमा त्यसै अनुसार शालिक राख्ने कार्य भएकोमा त्यसो हुन नदिन कथित किरात धर्म सत्यहाङमा सेवा संघले

(बाँकी अन्तिम पृष्ठमा)




**श्री लक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था.लि. बिर्तामोड ४ को**

**कर्मचारी आवश्यकता**

यस श्री लक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था.लि. बिर्तामोड-४ झापाको लागि तपशिल बमोजिम कर्मचारी आवश्यक भएको हुनाले इच्छुक योग्यता पुगेका ब्यक्तिहरुले आवश्यक कागजातसहित दरखास्त दिन हुनका लागि यो सूचना प्रकाशित गरिएको छ।

बिज्ञापन नं. ०१-२०८०/०८१

**पद**:- लेखापाल

**शैक्षिक योग्यता**:- ब्यवस्थापन संकायमा प्रविणता प्रमाण पत्रतह उत्तीर्ण गरेको।

**दरखास्त दस्तुर**:- रु. ३०० (फिर्ता नहुने गरी)

अनुभवी र सवारी चालक अनुमती पत्र भएकालाई बिशेष प्राथमिकता दिइनेछ।

**तलब तथा अन्य सुबिधा**:- संस्थाको नियमानुसार हुनेछ।

**दरखास्त दिने अन्तिम मिति**:- २०८०।१२।१७ गते शनिवार कार्यालय समयसम्म

**परीक्षाको किसिम**:- लिखित, प्रयोगात्मक, अन्तर्वाता

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु**:- नागरिकताको प्रतिलिपि,पासपोर्ट साइजको फोटो एक प्रति, शैक्षिक योग्यता तथा अनुभवको प्रमाणपत्रको प्रतिलिपि।

पदपूर्ति उपसमिति

श्री लक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि.

कार्यालय सम्पर्क नं.:- ०२३-५३०७३४

# झापा स्पोर्टस अवार्ड चैत २९ मा




**बिर्तामाड, चैत १६ ।** नेपाल खेलकुद पत्रकार मञ्च झापाले प्रत्येक वर्ष आयोजना गर्दै आएको खेलकुद क्षेत्रको प्रतिष्ठित कार्यक्रम 'एनएसजेएफ झापा स्पोर्टस अवार्ड २०७९' चैत २९ गते बिहीबार हुने भएको छ ।

मञ्चले शुक्रबार बिर्तामोडमा पत्रकार सम्मेलन गरेर अवार्डबारे जानकारी दिएको हो । २०७३ सालदेखि मञ्चले निरन्तर आयोजना गर्दै आएको अवार्डको यो पाँचौं संस्करण हो । बिर्तामोडमा आयोजना हुने अवार्ड २०७९ सालभर उच्च प्रदर्शन गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका सफल खेलाडी र प्रशिक्षकलाई प्रदान गरिने मञ्चका सचिव तथा खेल प्रतिभा छनोट उपसमिति संयोजक चिरञ्जीवी घिमिरेले जानकारी दिए ।

अवार्ड फुटबलर स्वर्गीय आशिष विक्रम नेम्वाङको स्मृतिमा हुँदै आएको छ । कोशी प्रदेशमै पाँचौंपटक मञ्चको झापा समन्वय शाखाले अवार्ड कार्यक्रम गर्न लागेको हो । झापा जिल्लाका खेलाडी र प्रशिक्षकलाई अवार्ड प्रदान गरिनेछ ।

विगतका वर्षमा जस्तै यसपटक वर्षका उत्कृष्ट खेलाडी पुरुष, वर्षका उत्कृष्ट खेलाडी महिला, उत्कृष्ट युवा वर्ष खेलाडी, उत्कृष्ट वर्ष प्रशिक्षक, पिपल्स च्वाइस अवार्ड, स्पेशल अचिभमेन्ट अवार्ड र लाइफटाइम एचिभमेन्ट अवार्ड गरी सात विधामा खेलाडी, प्रशिक्षक, पुराना खेलकर्मीलाई सम्मान गरिने मञ्चका अध्यक्ष इन्द्रजीत मुखियाले जानकारी दिए ।

यो वर्षदेखि एउटा विधा थप गरिएको मञ्चका पूर्वअध्यक्ष तथा कार्यक्रम संयोजक हिमाल खरेलले जानकारी दिए । पाँचौं संस्करणमा एकजना खेलकुद पत्रकारलाई उत्कृष्ट खेलकुद पत्रकार अवार्ड समेत प्रदान गरिने उनले बताए ।

वर्ष खेलाडी महिला, पुरुष, युवा, प्रशिक्षक र पिपल्स च्वाइस अवार्डका लागि खेलाडीको मनोनयन सार्वजनिक गरिनेछ । यसका लागि मञ्चको खेलाडी छनोट समितिले आवश्यक तयारी शुरु गरिसकेको बताइएको छ ।

स्पेशल अचिभमेन्ट अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड र उत्कृष्ट खेलकुद पत्रकार अवार्डको विजेता भने कार्यक्रमकै दिन घोषणा गरिनेछ ।

वर्ष खेलाडी पुरुष र महिला विजेतालाई नगद एक लाख, ट्रफी प्रदान गरिनेछ । युवा, प्रशिक्षक र पिपल्स च्वाइस र स्पेशल अवार्ड विधाका विजेतालाई जनही २५ हजार र लाइफटाइम एचिभमेन्ट अवार्ड विजेतालाई नगद ५० हजार रुपैयाँसहित विभिन्न गिफ्ट ह्याम्पर प्रदान गर्ने मञ्चले जनाएको छ ।

एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङले आफ्ना भाइ फुटबलर स्वर्गीय आशिषविक्रम नेम्वाङको स्मृतिमा मञ्चलाई एक लाख रुपैयाँ प्रदान गर्दै आएको पत्रकार सम्मेलनमा जानकारी दिइयो । त्यस्तै, सहारा अटोमोबाइल्स प्रालि र सहारा नेपाल बिर्तामोडले दुई लाख ५० हजार रुपैयाँ प्रदान गर्दै आएको छ ।

अवार्डलाई सफल बनाउन अध्यक्ष मुखियाको संयोजकत्वमा मूल आयोजक समिति गठन गरिएको छ । मञ्चका सम्पूर्ण सदस्य मूल आयोजक समितिका सदस्य रहनेछन् । मञ्चका सचिव घिमिरेको संयोजकत्वमा खेल प्रतिभा छनोट समिति गठन गरिएको छ । सदस्यहरुमा पुष्प बराल र राजु पौडेल छन् ।

अवार्ड कार्यक्रमका लागि विभिन्न उपसमिति गठन गरिएको छ । उपाध्यक्ष प्रेम आचार्यको संयोजकत्वमा भूमिका सुब्बा र तीर्थ तिम्सिना सदस्य रहेको अतिथि सत्कार तथा स्वागत उपसमिति, कोषध्यक्ष प्रकाश बानियाँको संयोजकत्वमा प्रेम आचार्य र तीलक योञ्जन सदस्य रहेको आर्थिक उपसमिति, सहसचिव भूमिका सुब्बाको संयोजकत्वमा रोहित काफ्ले र आयुश निरौला सदस्य रहेको मञ्च व्यवस्थापन उपसमिति र कार्यसमिति सदस्य तिलक योञ्जनको संयोजकत्वमा भारती राई, सौरभ मुखिया, नारायण अर्याल, विष्णु श्रेष्ठ र सौरभ सुनुवार सदस्य रहेको प्राविधिक उपसमिति गठन गरिएको संयोजक खरेलले जानकारी दिए ।

पत्रकार भेटघाट कार्यक्रममा संस्थापक अध्यक्ष रमेश समदर्शीले अवार्ड शुरु गर्दाका अनुभव सुनाएका थिए ।

# तमूह्युल छोंज धी बिर्तामोडको अध्यक्षमा कुमार



**अर्जुनधारा, चैत १६।** अर्जुनधारा,चैत १६। तमू ह्युल छोंज धी गुरुङ राष्ट्रिय परिषद् बिर्तामोडको अध्यक्षमा कुमार गुरुङ चयन भएका छन् ।

बिर्तामोड-३ बुद्धनगरस्थित निर्माणाधीन तमू संग्राहलयको भवनमा शुक्रबार सम्पन्न तेस्रो अधिवेशनबाट आगामी तीन वर्षे कार्यकालको लागि अध्यक्षमा उनी सर्वसम्मत चयन भएका हुन् । त्यसैगरी परिषद्का उपाध्यक्षत्रयमा लक्षिमान गुरुङ, शेरबहादुर गुरुङ र हर्कमाया गुरुङ, सचिवमा लीलाबहादुर गुरुङ, सहसचिवमा ममता गुरुङ, कोषाध्यक्षमा नरजंग घले र सहकोषाध्यक्षमा सरस्वती गुरुङ चयन भएका छन् । त्यस्तै परिषद्का सदस्यहरुमा चन्द्रकुमार गुरुङ, चन्द्रकला गुरुङ, डिल्ली गुरुङ, डेलबहादुर गुरुङ, तारा गुरुङ, दूधबहादुर गुरुङ, यशोदा गुरुङ, यामबहादुर गुरुङ, लक्ष्मी गुरुङ र शंकर गुरुङ चयन भएका छन् ।

परिषद्का अध्यक्ष सलबहादुर गुरुङको अध्यक्षतामा आयोजित उक्त अधिवेशनको प्रमुख अतिथि तमु ह्युल छोंज धिं गुरुङ राष्ट्रिय परिषद्का केन्द्रीय सल्लाहकार जलकुमार गुरुङले उद्घाटन गरेका थिए ।

अध्यक्ष सलबहादुर गुरुङले संस्थाको प्रगति प्रतिवेदन प्रस्तुत गरेको सोही कार्यक्रममा विभिन्न व्यक्तित्वहरुलाई सम्मानित गरिएको थियो । यसरी सम्मानित हुनेहरुमा परिषद्का संस्थापक एवम् सामाजिक व्यक्तित्व धनकुमार गुरुङ डीके, गत शैक्षिक वर्षमा सम्पन्न एसईईमा उत्कृष्ट जीपीए ल्याउन सफल विद्यार्थी विप्लव गुरुङसहित संग्राहलयलाई भूमिदान गर्ने २० जना बढी दाता रहेका छन् ।

कार्यक्रममा परिषद्का केन्द्रीय सदस्य आनन्द गुरुङ, परिषद् झापाका अध्यक्ष टीकाराम गुरुङ, तमू स्यो झापाकी अध्यक्ष अमृता गुरुङ, किरात याक्थुम चुम्लुङ बिर्तामोडका अध्यक्ष हिमालयप्रकाश कन्दङवा, नेवा मुन पासा बिर्तामोडका अध्यक्ष दीनेश श्रेष्ठ लगायतले शुभकामना मन्तव्य राखेका थिए । परिषद्की उपाध्यक्ष निर्मला गुरुङले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन सचिव लीलाबहादुर गुरुङले गरेका थिए ।

# 'आज' महासंघको प्रदेश अधिवेशन बिर्तामोडमा

**बिर्तामोड चैत १६ ।** नेपाली कांग्रेसको भातृ संस्था नेपाल लोकतन्त्रवादी आदिबासी/जनजाति महासंघको कोशी प्रदेश अधिवेशन चैत २६ र २७ गते झापाको विर्तामोडमा हुने भएको छ ।

महासंघका केन्द्रीय सदस्य एवम् कोशी प्रदेश संयोजक विश्वदीप लिङ्देनको अध्यक्षतामा नेपाली कांग्रेस झापाको कार्यालयमा शुक्रबार सम्पन्न कोशी प्रदेशस्तरीय बैठकले झापाको विर्तामोडमा प्रदेश अधिवेशन गर्ने निर्णय गरेको हो । प्रदेशभित्रका १४ वटै जिल्लाका अध्यक्ष तथा प्रतिनिधिहरुको क्षेत्रका क्षेत्रीय अध्यक्षहरु सदस्य रहनेछन् ।

बैठकले झापा अध्यक्ष दिलकुमार नेम्बाङको अध्यक्षतामा आर्थिक समिति गठन गरेको छ । गठित समितिको सदस्यमा नरेन्द्र लावती, रमेश इवाहाङ, पूर्णध्वज आङदेम्बे, राजेश श्रेष्ठ, लवकुमार चौधरी रहेका छन् । आवास तथा भोजन ब्यवस्थापनका लागि रामबहादुर मगरको नेतृत्वमा ५ सदस्यीय समिति गठन गरिएको छ । सदस्यहरुमा सञ्जीव प्रधान, विकास राई, दीर्घ मगर, जीवन तामाङ रहेका छन् । यसैगरी महासंघका झापा सचिव मोहन लिम्बूको नेतृत्वमा स्वयम्सेवक



सहभागितामा सम्पन्न बैठकले अधिवेशनको तयारीका लागि विभिन्न उपसमितिहरु गठन गरेको छ ।

प्रदेश अधिवेशन तयारीका लागि संयोजक लिङदेनको अध्यक्षतामा १०१ सदस्यीय अधिवेशन तयारी समिति गठन गरिएको छ । गठित समितिका सदस्यहरुमा कोशी प्रदेशका सबै केन्द्रीय सदस्यहरु, चौध जिल्लाका अध्यक्षहरु, क्षेत्रीय अध्यक्षहरु एवम् ५६ वटा प्रदेशसभा परिचालन समिति गठन गरिएको छ भने प्रचार-प्रसार समितिको संयोजकमा सञ्जीव प्रधान चयन भएका छन् ।

महासंघका केन्द्रीय अध्यक्ष ओमबहादुर घर्तिमगरको प्रमुख आतिथ्यमा सम्पन्न बैठकमा केन्द्रीय सदस्यहरु बडाराम हेमरम, टेकबहादुर लिम्बू, पासाङ शेर्पा, रणबहादुर तावा, रमेश इवाहाङ, चन्द्र खालिङ, मोहन राजवंशी लगायतको आतिथ्य रहेको थियो ।

# राजश्वछलीका गाडी र मोटरसाइकल सहित तीन जना पक्राउ

**काठमाडौं, चैत १६।** राजश्व छलीका गाडी र मोटरसाइकलसहित तीन जनालाई बुधबार प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा काठमाडौं नागार्जुन नगरपालिका-७ रामकोट घर भई काठमाडौं कीर्तिपुर नगरपालिका-२ बस्ने २७ वर्षीय किशोर गिरी, धादिङ धुनिबेशी नगरपालिका-७ घर भई भक्तपुर सल्लाघारी बस्ने २७ वर्षीय प्रविन गिरी र काभ्रेपलान्चोक महाभारत गाउँपालिका-२ घर भई भक्तपुर, भक्तपुर नगरपालिका-६ बस्ने ३० वर्षीय रमेश गिरी रहेका छन् ।

गाडी तथा मोटरसाइकलहरू भन्सार छली चोरी पैठारी गरी कारोबार भइरहेको भन्ने सूचनाका आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो ।

साथै भक्तपुरका विभिन्न स्थानहरूमा गाडी तथा मोटरसाइकलहरू भन्सार छली चोरी पैठारी गरी भारतबाट नेपाल ल्याई ड्राईभिङ सेन्टरमा प्रयोग गरेको गाडी १ थान र मोटरसाइकल २ थान समेत प्रहरीले बरामद गरेको छ ।

उनीहरूलाई आवश्यक कारवाहीको लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय गौचर पठाइएको छ ।

## स्नातक...

दिनुपर्छ । उनीहरुलाई पढाइप्रति नै आकर्षित गर्नुपर्छ भनेर यो कार्यक्रम कार्यक्रम कार्यान्वयन गरिएको हो ।

नगरका शिक्षा शाखा प्रमुख योगनिधि भट्टराईले शिक्षा, मानविकी, व्यवस्थापन, कम्प्युटरलगायत विद्यार्थीको जुन विधामा योग्यता छ, त्यसैमा रोजगारी दिइएको बताए । कलेजमा पढेको विषयसँग सम्बन्धित मात्र होइन, जोसँग जे क्षमता छ, त्यसैअनुसार काम विभाजन गरेका छौं -उनले भने । यस वर्ष यहाँ छात्रवृत्तिमा अध्ययन गर्ने छोरीबुहारीको सङ्ख्या दुई सय पुगेको करफोक क्याम्पस प्रमुख गोपाल कट्टेलले बताए । नगरपालिकाबाट छात्रवृत्ति पाएका छोरीबुहरी करफोक क्याम्पसमा विविध विषयमा अध्ययन गरिरहेका छन् ।

क्याम्पस प्रमुख कट्टेलले नगरपालिकाको छात्रवृत्ति कार्यक्रमका माध्यमबाट ग्रामीण भेगका छोरीबुहारीले क्याम्पस पढ्न पाएका बताए । आर्थिक अवस्था सबल नभएका गाउँका छोरीबुहारीलाई छात्रवृत्ति कार्यक्रमले क्याम्पससम्म ल्याएको छ- उनले भने -छात्रवृत्तिमा अध्ययन गर्न पाउने र थप सय दिनको रोजगारी पनि हुने भएपछि छात्राहरूलाई प्रोत्साहन मिलेको छ । करफोक क्याम्पसमा छात्रवृत्ति पाएका विद्यार्थीले बीबीए, बीबीएच र बीएड अध्ययन गरिरहेका छन् । स्नातक तह उत्तीर्ण गरेकामध्ये धेरैजसो स्नात्तकोत्तर अध्ययन गर्न जिल्ला बाहिर रहेकाले १५ जनाले मात्र सय दिनको रोजगारी लिएका नगरपालिकाको शिक्षा शाखा प्रमुख भट्टराईले बताए ।

शिक्षा क्षेत्रमा नगरपालिकाले गरेको लगानी परिणाममुखी भएको विद्यार्थीले बताएका छन् । गोर्खेकी सुजता बजगाईंलाई २०७४ सालमा कक्षा १२ उत्तीर्ण गरेपछि कसरी स्नातक गर्ने भन्ने चिन्ता थियो तर उनलाई नगरपालिकाले पढायो । गाउँकै हिमालय माध्यमिक विद्यालयबाट १२ कक्षा उत्तीर्ण गरेकी सुजता 'नगरको इच्छा छोरीबुहारीलाई शिक्षा' कार्यक्रमअन्तर्गत पालिकाको शतप्रतिशत छात्रवृत्तिमा नै स्नातक उत्तीर्ण भइन् । हाल उनी स्नात्तकोत्तर अध्ययन गरिरहेकी छन् । परिवारको सामान्य आर्थिक अवस्थाका कारण उच्च शिक्षा अध्ययनमा धेरैलाई समस्या छ- सुजताका बुबा प्रेमले भने -हाम्रो नगरपालिकाले छोरीबुहारीलाई स्नातक तहमा पढाइरहेको छ, पैसाको अभावमा पढाइ छोड्नुपर्ने, पढाइ छोडेकै कारण कम उमेरमा विवाह गर्नु पर्नेलगायत समस्याबाट मुक्त हुन पालिकाको यो काम उदाहरणीय मात्र होइन प्रशंसनीय छ ।

## महागुरु...

अवरोध पुरयाएको उनको भनाइ थियो ।

उनका अनुसार हामीलाई शालिक राख्न सो समूहबाट अवरोध मात्र नभएर शसस्त्र प्रतिरोध गर्नेदेखि गुरु आत्मानन्द माथिसम्म मुद्दा चलाउने सम्मका हर्कत भएको छ । उनले भने, -'यो शोभनीय हुदै होइन, यसतो कार्यले सिंगो किरात धर्म माथि चोट पुरयाँएको छ' उनले आफूहरु माथि उल्टै अनर्गल मुद्दा लगाएर दुःख दिएपनि यसबारे प्रशासन गम्भीर नभएको जिकीर गरे । यो विषयमा प्रशासनले तदरुकता देखाउनु पर्ने उनले सुनाए ।

चोत्लुङका अध्यक्ष योङहाङ र किरात धर्म तथा साहित्य उत्थान संघका कार्यवहाक अध्यक्ष प्रेमकुमार सिप्तुङखाद्धारा जारी विज्ञप्तिमा लेखिएको छ -इलामको चुलाचुली हात्तिलेदामा छुट्टै माङहिम बनाई आफ्नै डिजाइनमा गुरु खोज्ने र राख्ने क्रम शुरु गरिएको सो संस्थाको हैसियत हामी माझ घामझैं छर्लङ छ । यसरी गुरु खोजेर राख्ने क्रममा ज्योतिनन्द, विद्यानन्द हुँदै फुङलिङ ज्योतिदेखि प्रभुदासी हुँदै ओमनन्दसम्म र मिनु कैलाशदेखि देउबहादुर तुम्बापोसम्मलाई गुरु बनाउने र हटाउने कार्य गरेको देखिन्छ । साथै केहीं गुरुको घोरअपमान समेत गरेको विभिन्न घटना परिघटनाले समेत महागुरुको सच्चा अनुनायी हुनै नसक्ने पुष्टि हुन्छ ।'

पत्रकार सम्मेलनमा संघका कावा अध्यक्ष सिप्तुङखा, किरात चोत्लुङ मुहिङगुम अङसीमाङगेन्ना गुरु केन्द्रीय सचिव शक्तिकुमार सावाँ, गुरु आत्मानन्द लिङदेनका कानूनी सल्लाहकार भिम खत्री लगायतले किरात धर्मका महागुरु फाल्गुनन्दको समाधिस्थलमा शालिक राख्ने कार्यमा भएको भ्रम तथा हुल हुज्जतको आक्रमणले असुरक्षा पैदा गरेको उल्लेख गरेका थिए । उनीहरुले सामुदायिक बन, फाल्गुनन्द गाउँपालिका फिदिम नगरपालिका लगायतका सरोकार पक्षहरु सहकार्य गरी कार्य शुरु गरेको भएपनि सो समूहको उद्दण्ड हर्कतले शालिक तोडफोड , झण्डा च्यात्ने कार्यले सिंगो किरात धर्मावलम्बीहरुलाई चोट पुगेको उल्लेख गरे ।

## दक्ष...

बेकरीजन्य वस्तु नष्ट गरिएको बताए । अनुगमन गरेपछि केही हदसम्म समस्या समाधान भएको थियो- उनले भने -पुनः त्यस्तो समस्या देखिएको छ, अनुगमन गर्छौं ।

बेकरी उद्योगमा दक्ष कामदार (ओभन मास्टर) को अभाव भएको र भारतीय कामदारको भरमा उद्योग सञ्चालन गर्नुपर्ने बाध्यता रहेको उद्योगी-व्यवसायीले गुनासो गर्दै आएका सापकोटाले बताए । उनले सोको समाधानका लागि कार्यालयले चाँडै 'ओभन मास्टर' तालिम सञ्चालन गर्ने तयारी गरिरहेको जानकारी दिए ।

बेकरी उद्योग सङ्घमा ४७ वटा बेकरी उद्योग आबद्ध छन् । ती उद्योगले पाँच हजारदेखि १० हजार जनालाई प्रत्यक्षपरोक्ष रुपमा रोगजारी प्रदान गरिरहेका सङ्घकी सदस्य भीमा शिवाकोटीले जानकारी दिइन् । उनले निरन्तर कच्चापदार्थको मूल्यवृद्धि भए पनि पुरानै दररेटमा उत्पादित वस्तु बिक्री गरिरहेकाले समस्या भइरहेको बताइन् ।

दक्ष कामदार उपलब्ध हुँदा पनि उनीहरुको मागअनुसारको पारिश्रमिक दिनेसक्ने अवस्था नरहेको उद्योगी बताउँछन् । भारतबाट अवैधरुपमा आयात हुने बेकरीजन्य वस्तुको नियन्त्रण, दक्ष जनशक्ति उत्पादनका लागि तालिम, स्वदेशी उत्पादनलाई प्रोत्साहन हुनेगरी नीति निर्माण गर्नुपर्ने उनीहरुको माग छ ।

## ब्राउनसुगर....

प्रहरीले शिवसताक्षी नगरपालिका-१० बस्ने २८ वर्षीय अजय बस्नेतलाई कनकाई नगरपालिका-५ बाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ३ ग्राम १ सय ८० मिलिग्रामसहित बिहीबार बेलुकी पक्राउ गरेको हो ।

यसैगरी लागूऔषध नियन्त्रण ब्यूरो काँकरभिट्टा र इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ साइकलमा आउँदै गरेका भारत ठाकुरगंज बस्ने ३२ वर्षीय मोहम्मद मुन्नालाई मेचीनगर नगरपालिका- ६ मेची पुलबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ २ ग्रामसहित पक्राउ गरेको हो ।

यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

**छपाईका लागि हामीलाई सम्झनुहोस**

नयाँ वर्षका क्यालेण्डर तथा स्कूलका डायरी छपाई गर्नु परेमा घिमिरे अफसेट प्रेसलाई सम्झनुहोस ।

**७ बार १२ महिना सञ्चालनमा**

**घिमिरे अफसेट प्रेस**

अतिथिसदन उत्तरपट्टिको घर

९७४६८७९७०२/९८४२६२५३५३/९८१४०३६३४४

**Teachers wanted !**

A reputed montesori school in Birtamode is looking for pre-primary and primary level teachers

Number of teachers required= 2

For more details Contacts # 9823437454 / 023-534939

**निक्षेप रकमउपर हकदावी गर्न आउने ३५ दिने सूचना**

खडग बहादुर राइको नातीनी, पर्ताबहादुर राइको छोरी हरीमाया भनिने हरि माया राइ १ नं. प्रदेश इलाम जिल्ला फाकफोकथुम गाउँपालिका वडा नं.०६ बस्ने हरिमाया भनिने हरिमाया राइले यस इलाम शाखामा खाता नं.२१११५२४०३००७९१ सञ्चालन गर्दै आउनु भएकोमा मिति२०८०-१०-०२ मा निज खातावाला हरिमाया राइको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको छोरा नाता पर्ने टँकबहादुर राइले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक हरिमाया राईको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको इलाम शाखामा आउनु होला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सो का लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराइन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिनेसमेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**इलाम शाखा, इलाम**
फोन नम्बर: ०२७-५२१७२४
फ्याक्स:-०२७-५२१७३१




श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

कविता/हाइकु

## मृत्युलाई अनुमोदन



राजेश ढुंगाना

मैले
सहर्ष अनुमोदन गरेको
आफ्नै मृत्युलाई
तिमीले
थप स्वीकृत गरिरहनु पर्दैन
हो,
जीवन बाँच्ने
लुते भीख माग्नुभन्दा
मैले
आफ्नो बलवान मृत्युलाई
आफैँ
सहर्ष- साहसिक
अनुमोदन गरेपछि
मलाई
यसैमा आनन्द आएको छ
मरेर सदैव
बाँचेको जीवनभन्दा
एक पटक
आफैँ
आफ्नो मृत्युलाई सहर्ष साहसिक
अनुमोदन गरेपछिको
आनन्द
आफैँमा जीवन होइन र ?
हो,
मलाई
सहर्ष रोजिएको
यही
साहसिक मृत्युभन्दा
ठूलो जीवन
अन्त
अरूतिर कहीँ कतै
खोज्न जानु छैन
मरेर
मृत्युपछि बाँचेको
जीवनभन्दा
जीवनमा
अरू... अरू... केही
नयाँ रोज्नु छैन !

## वीरको देश नेपाल

**– पदमप्रसाद दाहाल**

वीरको देश नेपाल के सोचेको छ वैरीले
पूर्खाको सान राखेर बढ्नेछौं जोश होसले
खुकुरी साँद लाउनु छ वीर रस प्रभावले
सिमाना मिच्न आउनेलाई छप्काउनु छ सहासले

नेपाली वीर झुक्दैन कहिल्यै क्रूरता सित
बढौं अघि बढौं अघि नमानी डर किञ्चित
बलभद्र, अमरसिंह, भक्ति थापा अरू पनि
लडेथे देशका खातिर सीमा रक्षक ती बनी

पूर्खाले देश यो आर्जन् गरेथे यो कुरा बुझौं
शिक्षा लिई तिनैबाट नेपाली सब लौ जुटौं
नेपाली जोश देखेर फिरङ्गीहरूले पनि
गाएथे वीरता गाथा नेपाली वीर हुन् भनी

लडेथे वीर नेपाली नालापानी महाँ जब
त्यसै गरी जुटौं हामी कालापानी महाँ अब
कालापानी लिपूलेक अनि त्यो लिम्पियाधुरा
माटो हाम्रो मिचेको छ जागौं उठौं भइँ शुरा

सारा ऊर्जा उमारेर देशका लागि लड्नुछ
मिच्चिएको सिमानामा नेपाली ध्वज गाड्नुछ
देशद्रोही कतै यहीँ हामीभित्रै रहे भने
पारौं निर्मूल पैले नै बेलैमा तिनलाई चिनी

सबै जाति सबै धर्म हिमाल, पहाड, तराइमा
बाल, वृद्ध युवा सबै एक हौं यो सवालमा
उपनिवेश यो देश बनेन कहिल्यै पनि
राष्ट्रको अस्मिता जोगाऊँ देशभक्त सधैं बनी

**शिवसताक्षी– ११ दूधे**

## हाइकु

**– सुरज उपाध्याय**

१.
घोर प्रतीक्षा
अभिसप्त जिन्दगी
दयाको पात्र ।

२.
मन्दिर गयो
पुष्पगुच्छा लिएर
विरही आत्मा ।

३.
शून्य भविष्य
असरल्ल मनुवा
गन्तव्य स्वाहा ।

४.
आँशु देखायो
सहानुभूति पायो
कठै सकियो ।

अविस्मरणीय क्षण

# गुनुमुनु गर्ने त अरबी पो रहेछन्



जेबी खत्री



२०६३ साल जेठ-असारतिरको कुरा हो । त्यतिबेला म इजरायल पुगेको त्यस्तै १४/१५ महिना भएको थियो । मुसाभ सखारमा चार-पाँच महिना काम गरेपछि कम्पनीले हामीलाई मुसाभ रेबायामा पठाएको थियो । त्यहाँ नौ-दस महिना काम गरेपछि पुनः मलाई राहात भन्ने ठाउँमा सारी दियो । पहिले मुसाभ सखारमा पनि चार-पाँच महिना गुलावको फूलमा काम गरेको अनुभव भएकोले कम्पनीले मलाई गुलावको फूलमा राम्रो काम गर्ने व्यक्तिको रूपमा ठम्याएको थियो ।

त्यही कारण मलाई पुनःगुलावको फूलमै काम गर्न राहात पठायो । पहिले पनि गुलाबको फूलमा काम गरेकोले मलाई गुलाबको फूलमा लाग्ने रोगदेखि लिएर गोडमेल, मलजल, औषधी, कटिङ, प्याकिङ्ग स्कफा, गिजुम आदि सम्पूर्ण कुराको ज्ञान थियो । मलाई गुलाबको फूलको खेतीमा काम गर्न कुनै अप्ठेरो थिएन । सजिलै लाग्थ्यो । अप्ठेरो भनेको काँडाले घोच्ने डर हुन्थ्यो । हातमा बाक्लो पञ्जा लगाएर काम गर्नुपर्थ्यो ।

सबै कुराको राम्रै व्यवस्था र सुविधा हुँदाहुँदै पनि मलाई त्यहाँ नेपाली आफू एक जना मात्र र अरू सबै थाइल्याण्ड भएकोले अलिक असहज जस्तो लागेको थियो । यद्यपि काम सजिलो भएकोले म चुपचाप काममा लागेको थिएँ । नेपालीहरू निकै टाढा-टाढा मात्र थिए । राहतमा नेपाली म मात्र थिएँ । अरू सबै थाइल्याण्ड र केही प्यालेस्टाइन अरवीहरू थिए । थाइल्याण्डहरू पनि मिल्दा त राम्रै हुन्छन् ।

मलाई थाइल्याण्डहरू आफू जस्तै सोझा लाग्थे । सायद उनीहरूलाई पनि म त्यस्तै लाग्थेँ होला । सारै मिल्थे थाइल्याण्डहरू मसँग । हरेक साँझ हामी बेलुकाको खाना पकाएर एकै ठाउँ भेला हुँन्थ्यौं । सबै वरिपरि बसेर खान्थ्यौं । गफ गर्दै खान्थ्यौं । दुःख-सुःखका कुरा हुन्थे । एउटै परिवार जस्तो थियो । रमाइलो हुन्थ्यो । कामका बारेमा कुरा हुन्थ्यो । तलबका बारेमा कुरा हुन्थे । कम्पनीको मालिकका बारेमा कुरा हुन्थे । आफ्नो घर-परिवारका बारेमा कुरा हुन्थ्यो । खाना खाइसकेर पनि हामी राती नौ-दस बजेसम्म बस्थ्यौं । त्यसपछि आ-आफ्नो कारावानतिर लाग्थ्यौं । आएर म आफ्नो कोठामा सुत्थेँ ।

कारावानमा म एक्लै हुन्थेँ । काम बढी भएको बेला कम्पनीले थाइल्याण्डहरू ल्याउँथ्यो । कम भएपछि तिनलाई अन्तै पठाइ दिन्थ्यो । एउटा ठूलो ग्रीन हाउस थियो । त्यहींभित्र गुलाबको फूलको खेती हुन्थ्यो । नजिकै प्याकिङ्ग हाउस थियो । त्यसको छेवैमा म बस्ने मेरो कारावान थियो । त्यहाँ उत्पादन भएको जति पनि फूल हुन्थ्यो । सबै युरोप र अमेरिका जान्थ्यो ।

म त्यहाँ आएको भर्खर हप्ता-दस दिन भएको थियो । मेरा लागि त्यो ठाउँ नयाँ थियो । बेलुकाको खाना खाएर फर्केको थिएँ । जुन टहटह लागिरहेको थियो । रातको १०-११ बजेको हुँदो हो । कोठाको ढोका खोलेँ । बत्ती बालेँ । बाहिर कतै नजिकै गुनुमुनु गरेर मान्छे बोलेको आवाज आयो । यतैतिर हो भन्ने चाहिँ साम्रोसँग ठम्याउँन सकिनँ । बाहिर निस्किएँ । थाइल्याण्डहरू पनि अब सुतौं भनेर छुटेका को बोल्छ यसरी यति राति यहाँ ! भनेर आश्चर्यचकित हुँदै यसो यताउती निहालेँ । ग्रीन हाउस नजिकै कम्पनीको सानो जैतुनबारी थियो । जैतुन झुत्तै फलेको थियो । गर्मीको समय भए पनि समुद्रको शितल हावा बहिरहेको थियो । यसो हेर्छु जैतुनको बोटमुनि जैतुनको बोटको कालो छायाँ देखिन्छ, तर मानिस देखिँदैन । बोलेको सुनिन्छ बुझिँदैन । अलि परैबाट आएको आवाज जस्तो पनि लाग्छ । यस्तो राति को होला यहाँ ! त्यो पनि जैतुनबारीभित्र !

भनेर अत्यन्तै डर लाग्यो । थाइल्याण्डहरूलाई बोलाउन पनि अलि पर्तिरै थिए उनीहरू । फेरि उनीहरू सुतिसकेका थिए । को आयो यसरी यति राति यहाँ र किन ? भन्ने त्रासले मुटु काम्यो । शरीरभरि रौं ठाडा भए । आफैँ पानी जस्तो चिसो भएँ । यति डर लाग्यो कि के हो अब मलाई यो अर्काको ठाउँमा सक्यो भन्ने भयो । चिच्याएर कराउन पनि सकिनँ । के भनेर कराउने ! को सँग कराउने ? बोली नै आएन । चुपचाप कोठामा फर्कनुपर्छ भन्ने पनि हेक्का भएन । कहाँ छु भन्ने आफैंलाई थाहा भएन । कान बन्द नै जस्ता भए । मुटु कामिरहेको छ । त्यहीँ थचक्कै बसेर सुनेँ । मानिस चाहिँ मानिस नै बोलेको रहेछ भन्ने पक्का भयो । कान थापेर सुनेँ । अरबी भाषा बोलेको जस्तो लाग्यो । मानिस नै बोलेका रहेछन् भन्ने भएपछि अलिकति डर हट्यो । अब जान्छु उहीँ छेवैमा को रहेछ । के गर्लान् त मलाई भनेर अलि अघि बढ्छु । बोल्न छोड्छन् । फर्किए जस्तो गर्छु फेरि बोल्न थाल्छन् । कहाँनेर छन् म देख्दिनँ । उनीहरूले चाहिँ मलाई देखिसकेका रहेछन् । खोज्दै गएँ । जैतुनको बोटको कालो छायाँमुनि ओछ्यान लाएर शितलमा ढल्केका रहेछन् ।

तीन-चार जना युवा रहेछन् । आश्चर्य पनि लाग्यो त्यस्तोमा सुतेको देखेर । परैबाट एउटाले भन्यो- थाइल्याण्ड हामी अरबी हौँ । मैले म थाइल्याण्ड होइन नेपाली हुँ भनेँ । अर्कोले भन्यो- अँ नेपाल राम्रो धेरै राम्रो । त्यति बेलासम्ममा ममा धेरै डर हराइसकेको थियो । त्यसपछि मैले उनीहरूलाई राम्रोसँग सोधेँ, तिमीहरू किन यस्तो राति यहाँ आएर यस्तो ठाउँमा सुतेका ? म त डराएँ पनि आदि भनेर । त्यसछि उनीहरूले ओकले आफ्नो व्यथा । हमासले समस्या गरेर हामी घर छोडेर हिँडेका । पुलिसले भेट्यो भने हामीलाई समातेर तुरुन्तै प्यालेस्टाइन नै फर्काइ दिन्छ । त्यसैले हामी यहाँ त पुलिस आउँदैन, आए पनि हामीलाई थाहा हुन्छ भनेर यता बसेका हौँ आदि ।


हमास भनेको प्यालेस्टाइनको एउटा विद्रोही समूह हो भन्ने मैले नेपालमा छँदै सुनेको थिएँ । वास्तवमा तिनीहरू हमासमा आबद्ध हुन नसकेर घर छोडेर हिँडेका प्यलेस्टाइन युवाहरू रहेछन् । ए भनेर त्यसपछि म कोठामा आएर सुतेँ । बिहान काममा जानु थियो । रातभरि निद्रा लागेन । मैले आफ्नो देश सम्झेँ । आफ्नो देशमा चलेको तात्कालीक द्वन्द्व सम्झेँ । द्वन्द्व फरक भए पनि पीडा उस्तै । त्यसरी नै आफ्नो देश छोडेर विदेशिएका नेपालीहरूलाई सम्झेँ । भोलिपल्ट बिहानै उठेर हेर्दा तिनीहरू त्यहाँ थिएनन् । राति नै पुलिसले समात्यो वा अन्तै कतै गइसकेका थिए । त्यहाँ त तिनीहरूले रातभरि तानेका चुरोटका ठुटाहरू मात्र रातमा उनीहरू जस्तै यत्रतत्र लडिरहेका थिए । मैले ती चुरोटका ठूटाहरू हातले विस्तारै सुम्सुम्याएँ र मनमनै भनेँ- कठै यस्तो पनि त जीवन नै त रहेछ ।

यसरी मलाई इजरायलको त्यो राहात भन्ने ठाउँमा त्यो रात प्यालेस्टाइनबाट इजरायल छिरेका प्यलेस्टाइन अरबीहरूले मेरो सातोपुत्लो खाएका छन् । त्यसपछि मैले कम्पनीमा कुरा पनि राखेँ । यसरी राति यहाँ प्यालेस्टाइन अरबीहरू आउँदा रहेछन् । मलाई डर भयो । म यहाँ बस्दिनँ । मलाई नेपालीहरू भएको ठाउँमा वा अन्त कतै सारिदेउ भनेर । कम्पनीको मालिकले तिमीलाई केही हुन्न । तिनीहरू आउँछन्, जान्छन् केही समस्या गरे भने हामीलाई भन्नु पुलिसले तिनलाई ठेगान लाइहाल्छ भन्यो । त्यसपछि मलाई डर भएन । पछि-पछि त बानी नै परेँ । वास्तै हुन छाड्यो । म त्यहाँ बसुन्जेल पनि कहिले काहीँ त्यसरी कुम्लोकुटुरो बोकेर अरवीहरू आइरहन्थे । कहिले ग्रीन हाउसभित्र सुत्थे । कहिले त्यसरी नै जैतुनबारीमा । बिहान उठेर हेऱ्यो त्यहाँ हुँदैनथे ।

लघुकथा

# पेमा





अमित संग्रौला

गाउँभरि पेमाको मृत्युको खबर फैलियो छिनभरमै । एक्कासी आकाशभरि बादल विक्षिप्त भएर मडारिन थाल्यो । अनि आकाश रोयो । पेमाको मृत्युमा आँशु झार्ने मानिस नभएर होला आज मलाई भावविह्वल बनाएको छ ।

मुटुले ठाउँ छोडेको छ । हातखुट्टा काम्न थाल्यो । धर्ती भासिए जस्तो भान भयो । बाँचुन्जेल कसैले सोधेनन् एक गिलास पानी पनि । केही वर्ष अगाडि बाढीमा परेर परिवार गुमाएकी थिइन् । त्यसपछि उनी एक्ली भइन् । आफू बाँच्नको निमित्त अर्काको घरमा काम गर्दै आएकी थिइन् । कहिले भाडा माझिन् । कहिले दाउरा बोकेर बेचिन । परिवार गुमाएपछि उनको जीवनमा ठूलो विपत्ति छायो । जीवन त जसोतसो चलाउन पऱ्यो मजदुरी काम जिविकोपार्जन गर्दै आएकी थिइन् पेमा ।

परिवार गुमाएपछि झन् मानसिक तवरमा कमजोर हुँदै गएको थियो उनको शरीर । एकदिनको कुरा हो । पेमालाई बाटोमा भेटेको थिए र सोधेँ- के छ खबर ? मसिनो स्वरमा 'ठिकै छ ।' भनेकी थिइन् । मैलो लुगा लगाएकी । धेरै दिनदेखि ननुहाएर होला उनको शरीरबाट गन्ध आइरहेको थियो । नचिनिने गरी एकदमै दुब्ली देखिएकी थिइन् पेमा । बेला-बेला भेट भइरहन्थ्यो । धेरै नबोल्ने उनको आदत थियो । गाउँका मान्यजन्य बुद्धिजीवी हुँ भन्ने समाजका ती मानिसहरु उनीसँग पर-पर तर्किन्थे ।

आज बिहानै सामाजिक सञ्जालमा पोस्ट देखेँ । पेमाले झुण्डिएर आत्महत्या गरिछे । त्यसपछि म स्तब्ध भएको छु । एकाएक मृत्युको बाटो रोजिन । के गरिबी नै हो त यसको कारण । मनले मनसँग प्रश्न गर्दै म उतैतिर गइरहेको छु । भिडभाड छ । हिजो उनीसँग बोल्न नमान्नेहरु फूलको माला बोकेर उभिएका छन् । कोही त उनको पार्थिव शरीरमा फूल चढाइरहेका छन् । कोही त उनको तारिफ गरिरहेका देखिन्छन् ।

जिउँदो हुँदा वास्ता नगर्नेहरु मृत्युपछि उनको बयानका व्यस्त थिए । गरिबी र मानसिक पीडामा छट्पटिएर यो बाटो रोजेकी हुन सक्छ । कहिले खुशी भएको अनुहार देखिएन । सधैं मलिन अनुहार देखिन्थ्यो । गाउँका मानिसहरुले सोधपुछ पनि गरेनन् । कहिले भोकभोकै रात कटाइन् । कहिले त पानी खाएर बाँचिन पेमा । कष्टकर जीवन बाँच्दै आएकी थिइन् । आज यो धर्तीबाटै सदाको लागि गइन् ।

हेर्दाहेर्दै पञ्चतत्वमा विलीन भइन् । उनले छोडेर गएको पनि महिनौं बितिसकेको छ । उनी हिँडीरहने बाटोमा रुख बिरुवा फूलहरुले उनलाई नै याद गरिएको छ । बोलाइरहेको जस्तो लाग्छ । उनको त्यो अनुहार झुत्रोमत्रो लुगा अझैसम्म सम्झना आइरहन्छ । उनले हामीमाझ छोडेर गएपछि केही दिनमा सून्यता छाएको थियो गाउँमा । मलाई अझै लागीरहन्छ यतैकतै हिँडीरहेकी छन् कि जस्तो ।

# हल्दिबारीमा बेसार प्रवर्द्धन गर्न अन्तरक्रिया




**झापा, चैत १६।** झापामा बेसारको प्रवर्द्धन गर्ने विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

सामुदायिक वन उपभोक्ता महासंघ झापाले सामुदायिक वन उपभोक्ता समूहहरूले उत्पादन गरेको अर्गानिक बेसार (हल्दि)को बजार प्रवर्द्धन गर्नका लागि अन्तरक्रिया कार्यक्रम गरेको हो।

झापा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष राजकुमार राई, महासचिव सुमन्त मैनाली एवम् प्रतिनिधिहरु, हल्दिबारी गाउँपालिका अध्यक्ष रविन्द्रप्रसाद लिङ्देन, कचनकवल गाउँपालिका उपप्रमुख नवराज भट्टराई, हल्दिबारी उद्योग वाणिज्य संघका महासचिव कृष्ण प्रसाई, सचिव नेत्रविक्रम बिमली, स्थानीय व्यवसायी साथी कृषि फर्मका प्रदिप थापा, सामुदायिक वन उपभोक्ता महासंघका प्रतिनिधिहरू, बेसार उत्पादन गर्ने सामुदायिक वन समूहका प्रतिनिधिहरू, फरेष्ट एक्सन नेपालका प्रतिनिधिहरू, सञ्चारकर्मीहरु र सरोकारवालाहरू बीच छलफल भएको थियो।

भद्रपुरका दियालो, दशरथपुर, विशाल र कमलधाप रामपोखरी, हल्दिबारीका पाथीभरा कालीका र रातमाटे तथा कचनकबलका दुर्गाभिट्टा र त्रिवेणी सामुदायिक वन समूहमा कृषि वन अन्तर्गत बेसार उत्पादन गर्दै आएका छन्। बेसारलाई सब्जी मसलाका साथै औषधिको रुपमा प्रयोग गरिन्छ।

प्रत्येक घरको भान्सामा हरेक दिन प्रयोग हुने बेसार विदेशबाट लाखौंको आयात हुँदा यही उत्पादन भएको बेसारले बजार पाउन मुस्किल छ। भारतबाट मिसावट भएको बेसार सस्तो रूपमा नेपाल भित्रिनाले पनि यहाँको बेसार अलिकति महँगो हुन गएको व्यवसायीहरूले भनाइ छ। आमउपभोक्ताहरुलाई सस्तोभन्दा पनि गुणस्तरको बारेमा बुझाउन आवश्यक रहेको सबैको साझा धारणा रहेको थियो।

बेसारमा विशेषगरी सेतो पिठो मिसाइएको पाउने भएकाले त्यसको प्रयोगको मात्रा सब्जीमा धेरै लाग्ने तर अर्गानिक बेसार थोरै प्रयोग हुने हुँदा यो विषय आमउपभोक्ताले बुझ्न सके मूल्य खासै फरक नपर्ने निष्कर्ष निस्केको थियो। अर्ग्यानिक रूपमा उत्पादन गरिएको बेसारको प्रचार-प्रसार तथा बजार प्रवर्द्धन गर्न सबैले आ-आफ्नो क्षेत्रबाट पहल गर्ने प्रतिबद्धता जनाएका थिए।

कार्यक्रममा हल्दिबारी गाउँपालिका अध्यक्ष लिङ्देनले हल्दिबारी गाउँपालिका सामुदायिक वन समूहले गरेका यस्ता कार्यक्रममा सहकार्य गर्न तयार रहेका बताए। त्यसैगरी कचनकवल गाउँपालिका उपाध्यक्ष भट्टराईले रैथाने बाली संरक्षण तथा कृषकहरूको जिविकोपार्जनमा जोडिएको बेसारलाई बजारीकरण र उत्पादनमा जोड दिन कचनकवल गाउँपालिकाले सहयोग गर्ने प्रतिबद्धता जनाए।

त्यस्तै झापा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष राजकुमार राईले सामुदायिक वनहरूले उत्पादन गरेको बेसारको बजारीकरण र ब्राण्डिङमा सहकार्य गर्ने बताए। त्यसैगरी डिभिजन वन कार्यालय झापाका अधिकृत ऋषि पराजुलीले कृषि वन प्रवर्द्धन कार्यक्रमले बेसार उत्पादन सँगै रैथाने वनस्पति पुनरुत्पादन हुने बताए।

त्यस्तै दुर्गाभिट्टा समूहका अध्यक्ष धनराज गुरुङले जंगली जनावरबाट पनि सुरक्षित तथा वनको संरक्षणमा टेवा पुऱ्याउन र आर्थिक आम्दानी गर्ने कृषि वनको अवधारणा उचित रहेको बताए। सामुदायिक वन उपभोक्ता महासंघ झापाका अध्यक्ष बेदप्रकाश भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा फरेष्ट एक्सन नेपालकी फिल्ड अधिकृत मूना भट्टराईले वन समूहमा भएको बेसार खेती किन भन्ने बारेमा तथ्यसहित प्रस्तुतीकरण गरेकी थिइन्। कार्यक्रमको सहजीकरण महासंघ कि कोषाध्यक्ष देवीका अधिकारीले गरेकी थिइन्।

# अदालतको आदेश कार्यान्वयन नभएको गुनासो




**मेचीनगर, चैत १६।** होटल व्यवसायी देबीभक्त श्रेष्ठले अदालतको पटक-पटकको आदेशलाई घरधनीले अपहेलना गर्दा आफू मारमा परेको बताएका छन्।

श्रेष्ठले मेचीनगरस्थित प्रेस क्लवको कार्यालयमा पत्रकार सम्मेलन गर्दै आफूबाट जानेर कुनै कमी-कमजोरी नभएको र भएको भए त्यसको भागीदारसमेत बन्ने बताउँदै कानूनी निकाय अदालतको आदेश घरधनीले नमान्दा आफूमाथि अन्याय भएको बताएका हुन्।

उनले २०७६ सालमा १५ वर्षका लागि घरधनीसँग सम्झौता गरेर करिब दुई करोड रुपैयाँ खर्च गरेर काँकरभिट्टामा हिकोला हेरिटेज होटल बिर्तामोडको शाखा सञ्चालन गरेको बताए। होटल सञ्चालक श्रेष्ठले अदालतको आदेश कार्यान्वयन हुनेमा आशाबादी रहेकाले सरोकार निकायसहित सम्बन्धीत सवैमा समन्वयको भूमिका निर्वाह गरिदिन आग्रह समेत गरेका छन्।

श्रेष्ठका अनुसार विराटनगर उच्च अदालत इलाम इजलासले पहिलो पटक गत फागुन ६ गते अल्पकालिन अन्तरिम आदेश जारी गरेको थियो। त्यसपछि फागुन १३ गते अन्तरिम आदेश, तेस्रो पटक चैत ८ गते लिखित जवाफ र चौथो पटक चैत १२ गते अदालतको अपहेलना गरेको भन्दै ७ दिनभित्र घरधनीलाई लिखित जवाफ माग गरेको छ।

गत माघ २५ गते काँकरभिट्टामा श्रेष्ठले सञ्चालन गरेको हिकोला हेरिटेज होटलमा श्रेष्ठका छोरा गौरव श्रेष्ठ माथि स्थानीय केही युवाहरुको समूहले हुलहुज्जतले गर्दा वादविवाद भएको थियो। सोही बिषयमा श्रेष्ठका छोरा गौरव

माथि स्थानीय केही युवाको हुलहुज्जतले माघ २८ गते पुनः होटलमा कुटपिट गरेपछि वादविवाद भएपछि अहिलेसम्म श्रेष्ठले होटल सञ्चालन गर्ने बातावरण बनेको छैन। सोही बादविबवादका कारण श्रेष्ठले काँकरभिट्टामा सञ्चालन गर्दै आएको होटल हिकोला हेरिटेज हाल घरधनी विष्णुमाया श्रेष्ठ दाहाल नामको अगाडि नयाँ लेखेर सञ्चालन गर्दै आएको श्रेष्ठले बताएका छन्।

# एनएमसीको सदस्य शिक्षा कार्यक्रम

**बिर्तामोड, चैत १६।** नेपाल बहुउद्देयीय सहकारी संस्था लिमिटेड (एनएमसी)ले एक दिवसीय सदस्य शिक्षा कार्यक्रम सम्पन्न गरेको छ।

बिर्तामोड-१० स्थित संस्थाको सैनिक बजार सेवाकेन्द्र अन्तर्गत एकाइ नम्बर २ का शेयर सदस्यको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सैनिक बजार सेवा केन्द्रगत उपसमिति सदस्य सीतादेवी राईले स्वागत गरेकी थिइन्। संस्थाको शिक्षा तथा तालिम उपसमितिद्वारा आयोजित कार्यक्रममा सैनिक बजार सेवा केन्द्रगत उपसमिति सदस्य प्रशिक्षक रत्नबहादुर बस्नेतले सहजीकरण गरेका थिए। उनले एनएमसी र यसका व्यवसाय, शेयर सदस्यलाई प्रदान गरिने सेवासुविधाको साथै संस्थामा आबद्ध शेयर सदस्यले खेल्नुपर्ने भूमिका लगायत विषयमा जानकारी गराएका थिए।

कार्यक्रममा सहकारीका एक सय सदस्यहरुको सहभागिता रहेको सदस्य सहजकर्ता चन्द्रबहादुर राईले जानकारी दिए। कार्यालय प्रमुख सन्तोष ढुंगानाले संस्थाको वित्तीय झलक प्रस्तुत गरेको कार्यक्रममा बिर्ता-अर्जुन क्षेत्रीय उपसमिति सदस्य मनु मुखिया र सेवा केन्द्रगत उपसमिति संयोजक टीकाराम दंगालले स्थानीय समुदायमा एनएमसीको प्रभाव र महत्व बताउँदै आत्मविश्वासका साथ सक्रिय र जिम्मेवार बनेर संस्थामा कारोबार गर्न सदस्यलाई आग्रह गरेका थिए।

कार्यक्रममा सहभागीका तर्फबाट चमरधाम प्राविका प्रधानाध्यापक देवीप्रसाद पोखरेलले कार्यक्रम संस्थाबारे जानकारी लिई लाभन्वित बन्न उपयोगी भएको प्रतिक्रिया दिएका थिए। वित्तीय, दूध डेरी, सहकारी पसल, चिया लगायत पाँच प्रकारका व्यवसाय सञ्चालन गर्दै आएको एनएमसीको एकीकृत नमूना कृषि परियोजना चर्चित बन्दै गएको छ। हाल यसका ५८ वटा सेवाकेन्द्र अन्तर्गत एक लाख ६५ हजारभन्दा बढी शेयर सदस्य रहेका छन्।

मिरमिरे उज्यालो टोल विकास संस्थाका अध्यक्ष डेकमान लोक्ताम, शिक्षा सेवी टेकबहादुर देवान, एकाइ उपसमिति संयोजक ओमबहादुर गुरुङ, चामबहादुर लिम्बू लगायतको उपस्थिति रहेको कार्यक्रमको सञ्चालन सेवा केन्द्र प्रमुख सन्तोष ढुंगानाले गरेका थिए।


## बिर्तामोड नगर अस्पताल

उपलब्ध सेवाहरू



**बाल रोग विशेषज्ञ सेवा**
शनिबार बाहेक हरेक दिन
बिहान १० बजेदेखि १२ बजेसम्म

**नि:शुल्क नर्मल डेलिभरी सेवा**
(प्रसूति सेवा)
हरेक दिन, २४ सै घण्टा

**मानसिक, नसा तथा टाउको रोग विशेषज्ञ**
दैनिक १२ बजेदेखि २ बजेसम्म

**स्त्री तथा प्रसूति रोग विशेष**
दैनिक १ बजेदेखि ४ बजेसम्म

- भिडियो एक्स-रे
- एक्स-रे
- इसीजी
- २४ घण्टे इमरजेन्सी सेवा (सञ्चालनको तयारीमा)
- डाइलोसिस सेवा (सञ्चालनको तयारीमा)
- गर्भवती जाँच सेवा
- रेबिजविरुद्ध भ्याक्सिन
- परिवार नियोजन सेवा
- पाठेघरको मुखको क्यान्सर जाँच
- नि:शुल्क सुरक्षित गर्भपतन सेवा
- बच्चाहरुमा हुने कुपोषण जाँच तथा व्यवस्थापन
- नसर्ने रोगको जाँच
- किटजन्य कोभिडको निशुल्क जाँच
- खोप कार्यक्रम
- निरोगिता प्रमाणपत्र दिने

नेपाल सरकारबाट तोकिएका ९८ प्रकारका औषधिको नि:शुल्क वितरण, विशेषज्ञ डाक्टरबाट दैनिक ओपीडी तथा परामर्श सेवा उपलब्ध छ।

बिर्तामोड नगर अस्पतालमा **स्वास्थ्य बीमा सेवा** सञ्चालनमा छ।



## सूचना तथा विज्ञापनका लागि

मेचीनगरको धुलाबारी क्षेत्रमा पूर्वाञ्चल दैनिक पत्रिका आवश्यक परे वार्षिक ग्राहक बन्नु परे वा कुनै पनि सूचना विज्ञापन गर्न परेमा ।

**सुमन बस्नेत**
९८१६९४०६३०

## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **खुशी सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*



सम्पर्क : ९८१४९१७७११ /९८४२७३३६१२ /९८४२०७०५८६ /९७४२३१०३२८

## उच्च गुणस्तर सुलभ मूल्य
## सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।

सम्पर्क : ९८०४९५४४००, ९८६६२४२४६६
अर्जुनधारा नगरपालिका- ४, झापा

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई





बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

## पाथीभरा ज्योतिष परामर्श केन्द्र

बिर्तामोड-५, गजुरमुखी टोल


ज्यो. पं. खेमप्रसाद पौडेल

यहाँ चिना टिपन लेख्नुका साथै भूत-वर्तमान र भविष्यको फलादेश गरिन्छ। साथै सम्पूर्ण पूजा सामग्री उपलब्ध छ।

सम्पर्क : ९८५११५४६९९, ९८१३२८६०४९

## बराल ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे

सम्पर्क (चालक)
सन्तोष: ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की: ९८१६९४०१७३
मे १ ज १६७०

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)


## तमाखे सामुदायिक वन उपभोक्ता समूह

माई नपा-७, इलाम

*तेस्रो पटकप्रकाशित मिति :* २०८०/१२/१७


# काठ लिलाम बिक्री सम्बन्धी सूचना

यस तमाखे सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादित गोलीया घाटगट्टीमा विभिन्न लट र पायलमा विभाजित निम्न परिमाणको काठ लिलाम बिक्री गर्नुपर्ने भएकोले डिभिजन वन कार्यालय इलामको मिति २०८०/१०/०७ को चं. नं. ५५८७ लिलाम बिक्री सहमति अनुसार लिलाम बिक्री गर्नुपर्ने भएकोले काठ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघ-संस्था, फर्म वा कम्पनीले सूचना प्रकाशित भएको मितिले ७ दिनभित्रमा सिलबन्दी बोलपत्र दालिख गर्न यो सूचना प्रकाशित गरिएको छ। पूर्ण व्यहोराको सूचना लिन यस सा.व.उ. समूहको कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ।

**तपशिल**

| लट नं. | जात | स्तर (ग्रेड) ए थान | ए परिमाण (क्यू.फि.) | बी थान | बी परिमाण (क्यू.फि.) | सी थान | सी परिमाण (क्यू.फि.) | डी थान | डी परिमाण (क्यू.फि.) | जम्मा थान | जम्मा परिमाण (क्यू.फि.) | प्रयोजन | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २/०७९/०८० | साल गोलीया | १० | १७५।९३ | ११ | १४१.८९ | | ५८.७८ | - | - | २९ | ३७६.६० | समूह बाहिर | |

**तमाखे सामुदायिक वन उपभोक्ता समूह,** माई नपा-७, इलाम


ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन्।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** दिन बलवान रहेको छ, अपरान्नपछि खानपानमा ध्यान दिनुहोला, साथी-भाइसँग छोटो दुरीको रमाइलो यात्रा हुनेछ, मन प्रशन्न रहला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** आजको दिन मिश्रित फलदायी रहेको छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको रमाइलो यात्रा हुनाले मन हर्षित रहला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुनेछन्।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** व्यापार-व्यवसायमा लाभदायक योग रहेको छ, अकस्मात धन लाभ होला, मिष्ठान्न भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** तपाईको आज मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ। साथीभाइसँग रमाइलो भेटघाट हुनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको आजको दिन उत्तमसिद्धी रहेको छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला।